मल्लरानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खलंगा, प्युठान

५ नं. प्रदेश, नेपाल

visit Nepal 2020

☎०८६४२०१८०

प.सं. : ०७६/०७७

च.नं.:

मितिः २०७६/१२/१७

## आम गाउँपालिकाबासीहरुमा अनुरोध ।

हाल विश्वमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को कारणले विश्व समुदाय नै त्रसित र भयभित भएको अवस्था छ । नेपालमा पनि उक्त भाइरसबाट हालसम्म पाँच जनामा संक्रमण देखिएकोमा एक जना उपचार भइ निको भएको अवस्था छ । यस रोगको सम्भावित जोखिम न्यूनीकरणका लागि नेपाल सरकारले हाल लकडाउन नीति अबलम्वन गरेको छ र उक्त लकडाउनको समयावधि मिति २०७६ चैत्र २५ गते सम्म रहने छ । यस अवधिभर नेपाल बाहिरबाट आउनुभएका सम्पूर्ण दाजुभाइ दिदिबहिनी अनिवार्य रुपमा १४ दिन आफ्नो घरभित्र बसिदिन र आम गाउँबासीहरु अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कन, गाउँघरमा अनावश्यक जम्मा भई भिडभाड नगर्न हुन, साबुन पानीले पटक पटक राम्ररी मिचीमिची हात सफा गरी स्वास्थ्य प्रति सजग हुन सबैमा गाउँपालिका बासीहरुमा हार्दिक अनुरोध गर्दछु ।

गाउँपालिकाले कोरोना भाइरस (COVID-19) को सम्भावित संक्रमणको जोखिम न्यूनीकरणका काम गर्न गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा २४ सदस्यीय स्थानीय तह समन्वय समिति गठन गरी काम गरिरहेको छ । साथै प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा ६ सदस्यीय वडा स्तरको समन्वय समिति गठन गरी जनस्तरमा विभिन्न कार्यहरु भईरहेको छ । गाउँपालिका भित्र अनौपचारिक क्षेत्रमा दैनिक ज्यालादारीमा काम गरी जीवनयापन गर्नुपर्ने अवस्थाका परिवारको वारेमा लगत संकलन भईरहेको छ र यसवारेमा केन्द्र र प्रदेश सरकार सँग समन्वय गरेर छिट्टै निर्णय समेत हुने जानकारी गराउँदछु । COVID-19 रोगको लक्षण देखिएमा वा शंका लागेमा नजिकैको स्वास्थ चौकी वा प्राथमिक स्वास्थ्य केन्द्र खलगांमा सम्पर्क राख्न हुन र थप स्वास्थ्य सम्बन्धि सहायताको लागि मल्लरानी गाउँपालिकाका स्वास्थ्य संयोजक श्री पारस शाही सम्पर्क नं ९८५७८३३९९९ गर्न र अन्य सहायताको लागि गाउँपालिका अध्यक्ष सम्पर्क नं ९८५७८३८००१ र प्रमुख प्रशासकीय अधिकृत सम्पर्क नं ९८५७८३८००३ राख्न अनुरोध गर्दछु ।

अमरध्वज राना

अध्यक्ष

Scanned with CamScanner